बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिचौर, बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०७८/०७९

चलानी नं.:

मिति : २०७८/०४/१०

**सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संसोधन) नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आर्थिक वर्ष ०७८।०७९ मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न भाद्र मसान्तभित्र परिचयपत्र नविकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नविकरण गराउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिका, पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा नीजका आमा, बुवा, संरक्षक/माथवर उपस्थित भई नविकरण गराउन सक्नेछ ।

**आवश्यक कागजातहरु**

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साईजको २ प्रति फोटो,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी,
- असहाय एकल महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष माथिको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र,
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,

**नोट :**

- तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।
- आवश्यक जानकारीका लागि सम्पर्क एम आई एस अपरेटर राजन चालिसे ९८४६७८५०५२

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा, बरेङ गाउँपालिकाको वेभसाइटमा राखिदिनुहुन,
श्री वडा कार्यालयहरु सबै, बरेङ गाउँपालिका,
श्री सामुदायिक रेडियो बिहानी, सूचना प्रसारण गरिदिनुहुन ।

२०७८।०४।१०

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

E-mail: info@barengmun.gov.np, Web: www.barengmun.gov.np